नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

# प्रेस विज्ञप्ती

## बजारको वर्तमान अवस्थालाई दृष्टिगत गर्दै लगानीकर्ताहरुलाई सर्तकता अपनाई लगानी गर्ने सम्बन्धमा

बोर्डले पछिल्लो समयमा धितोपत्रको दोस्रो बजारको अवस्थालाई सूक्ष्मरुपले अध्ययन गरीरहेको छ । हाल मुलुकमा राजनितिक स्थायित्व कायम भएको र सरकारले आ.ब.२०७५।०७६ को बजेट मार्फत देशमा आर्थिक समृद्धिको मार्गचित्र कोर्दै पूँजी बजार मार्फत देशको आर्थिक समृद्धिमा जोड दिएको छ ।

यसै सन्दर्भमा सरकारले बजेट मार्फत पूँजी बजारमा पछिल्लो केही बर्षहरुदेखि अन्यौलको रुपमा रहेको भ्याटको समस्यालाई समाधान गरी स्थायित्व दिएको छ । पूँजी बजारमा उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहन गर्न नीतिगत रुपमा पचास करोड रुपैयाँ वा सो भन्दा बढी चुक्ता पूँजी भएका प्राइभेट लिमिटेड कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण हुन प्रोत्साहन स्वरुप तीन बर्षका लागि आयकरमा १० प्रतिशत छुट दिने व्यवस्था गरिएको साथै एक अर्ब वा सोभन्दा बढीको पूँजीमा स्थापित उत्पादनमूलक कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण भई पूँजी बजारमा सूचीकृत हुनुपर्ने व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाको बाहुल्यता रहेकोमा धितोपत्र बजारमा क्षेत्रगत जोखिमलाई कम गर्ने प्रयास गरिएको छ। साथै धितोपत्र व्यवसायी शुल्कमा कटौती गरी लगानीकर्ता मैत्री बनाईएको छ भने बैकल्पिक लगानी कोष नियमावली मार्फत प्राइभेट इक्यूटी, भेन्चर फण्ड र हेज फण्ड प्रबेश गराई कम्पनीहरुलाई चाहिने दिर्घकालीन कोषको व्यवस्था गर्न लागिएको छ। यसका साथै निकट भविष्यमै धितोपत्रको दोस्रो बजार कारोवार पूर्णरुपमा अनलाईन मार्फत गर्ने व्यवस्था गर्न लागिएको छ । यसरी नेपाल सरकार र नेपाल धितोपत्र बोर्डले धितोपत्रको प्राथमिक र दोस्रो बजार विकास तथा सुधारका विभिन्न कार्यहरु अगाडि बढाईरहेको, देशको समष्टिगत आर्थिक अवस्था तथा पछिल्लो समयमा सूचीकृत कम्पनीहरुको वित्तीय अवस्था समेत सन्तोषजनक नै रहेको देखिन्छ ।

अत: धितोपत्र लगानीकर्ताहरुलाई धितोपत्र खरिद विक्री सम्बन्धी निर्णय गर्दा सम्बन्धित क्षेत्र, उद्योग तथा कम्पनीहरुको अवस्थाहरुको बारेमा आधारभूत तथा प्राविधिक विश्लेषण सहित आवश्यक जानकारी लिनुका साथै धितोपत्र बजारको अवस्था तथा बजार सुधारका कामकारबाहिहरुको अध्ययन गरेर हल्लाको पछि नलागी सुझबुझ तवरले लगानी सम्बन्धी निर्णय लिन बोर्ड अनुरोध गर्दछ ।

मिति : २०७५।०७।१५

प्रवक्ता